USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

**Embassy of the United States**
**Public Affairs Office**
Kathmandu, Nepal
Tel: 400-7200

असोज २९, २०६
अमेरिकी राजदूतावास तथा राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमद्वारा
संयुक्त रुपमा जारी गरिएको

# अमेरिकाद्वारा द्वन्द्वपीडित नेपाली जनताको खाद्यान्नका लागि अठसठ्ठी लाख डलर सहयोग

काठमाडौं – संयुक्त राज्य अमेरिकाले युएसएडको शान्तिका लागि खाद्यान्न कार्यालय (Office of Food for Peace) तथा वैदेशिक दैवीप्रकोप सहयोग कार्यालय (Office of Foreign Disaster Assistance) मार्फत नेपालको शान्ति प्रक्रिया तथा नेपालका द्वन्द्वपीडित जनताको खाद्यान्न तथा जीविकोपार्जनमा सहयोगका लागि राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (World Food Programme) लाई अठसठ्ठी लाख अमेरिकी डलर उपलब्ध गराएको छ ।

"नेपाली जनताका लागि गरिएको यो अठसठ्ठी लाख डलरको सहयोगले शान्तिपूर्ण तथा समुन्नत नेपालको स्थापनामा संयुक्त राज्य अमेरिकाबाट हुने सहयोगको निरन्तरता दर्शाउँछ," अमेरिकी राजदूत न्यान्सी जे. पावेलले भन्नुभयो, "विश्व खाद्य कार्यक्रममार्फत यो सहयोग वर्षौंको द्वन्द्वबाट आहत नेपाली जनताको जीवनमा केही सुधार ल्याउनका लागि उपयोग हुनेछ ।"

करीब चार करोड नब्बे लाख डलरको खर्चमा विश्व खाद्य कार्यक्रमअन्तर्गत शान्ति तथा पुनर्स्थापना कार्यक्रम (peace and recovery operation) ले आफ्नो जीवन पुन: शुरु गर्न संघर्षरत द्वन्द्वप्रभावित बाह्र लाख नेपाली जनताका लागि खाद्य तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छ । यसै प्रयासको सिलसिलामा अमेरिकाबाट प्राप्त सहयोगले १६०,००० जनतालाई खाद्य सहयोग तथा उक्त peace and recovery operation को शुरुवातका लागि आवश्यक रकम उपलब्ध हुनेछ ।

"गत वर्ष द्वन्द्वको समाप्तिसँगै विभिन्न प्रयासहरु गरिए पनि शान्ति प्रक्रियाबाट धेरै जनताले स्पष्ट देखिने गरी कुनै लाभ प्राप्त गर्न सकेका छैनन्, उनीहरु अझै भोकै छन्, आधारभूत पूर्वाधार तथा सेवाबाट बन्चित छन्, र आफ्नो जीवन पुन: शुरु गर्ने अवसर पाइराखेका छैनन् । अमेरिकाबाट प्राप्त यो महत्वपूर्ण सहयोगबाट नेपालको शान्ति प्रक्रियाको अन्यौलपूर्ण अवस्थामा खतरामा रहेका जन समुदायहरुमाझ पुग्न र उनीहरुको हेरचाहको संयन्त्र बनाउन हामीलाई सहयोग पुऱ्याउनेछ ।" विश्व खाद्य कार्यक्रमका नेपाल प्रतिनिधि रिचार्ड रेगनले भन्नुभयो ।

विश्व खाद्य कार्यक्रमको शान्ति तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रमहरु द्वन्द्वप्रभावित तथा खाद्य-सुरक्षाका हिसाबले अति पिछडिएका २८ वटा जिल्लामा सञ्चालन गरिनेछन् । यसअन्तर्गत अत्यावश्यक संरचनाहरुको निर्माण तथा पुनर्निर्माण, घरफिर्ती तथा पुनर्स्थापना प्याकेज तथा नागरिक शिक्षा तालिमजस्ता गतिविधिहरु सञ्चालित हुनेछन् ।

###


सोधपुछका लागि
World Food Programme: Country Representative Richard Ragan or Communications Officer, Heather Sutliff (heather.sutliff@wfp.org; 554-2607 or 553-5694)
USAID: Development Outreach and Communications Specialist, James Ellis (jaellis@usaid.gov; 400-7200 ext. 4129)